
गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय बागलुङ**
नेपाल

# मासिक जनस्वास्थ्य बुलेटिन

वर्षः २ | अंकः १३ | महिनाः १३ | माघ २०८०

## स्वास्थ्यकर्मिहरुका लागि क्षयरोगको आधारभुत तालिम सम्पन्न

स्वास्थ्य कार्यालय बागलुङ आयोजनामा स्वास्थ्यकर्मिहरुका लागि क्षयरोगको आधारभुत तालिम मिति २०८०/१०/०३ देखि २०८०/१०/०५ सम्पन्न भएको छ ।उक्त कार्यक्रम स्वास्थ्य कार्यलय बागलुङका प्रमुख बाबुराम आचार्यको अध्यक्षता, जनस्वास्थ्य अधिकृत प्रविण शर्माको मन्त्वय सहित सेभ द चिल्ड्रेन ग्लोवल फण्डका गण्डकी प्रदेश कोअर्डिनेटर राजेश यादव, ल्याव टेक्निशियन डिल्लि प्रसाद आचार्य र क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरेले सहजिकरण गरेको थियो । सो तालिममा बागलुङ जिल्लाका नौवटा स्थानिय तहका १६ जना तथा Nymat Nepal का ३ जना Volunteers को सहभागिता रहेको थियो ।







## राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मीहरुलाई पहिलो चरणको छुट बच्चाको पहिचान भई पूर्ण खोप सुनिश्चितताको समिक्षा, नियमित खोपको सुदृढीकरण र पूर्ण खोप दिगोपनाको लागि सुक्ष्मयोजना अद्यावधिक २ दिने गोष्ठि सम्पन्न

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मीहरुलाई पहिलो चरणको छुट बच्चाको पहिचान भई पूर्ण खोप सुनिश्चितताको समिक्षा, नियमित खोपको सुदृढीकरण र पूर्ण खोप दिगोपनाको लागि सुक्ष्मयोजना अद्यावधिक २ दिने गोष्ठि सम्पन्न भएको छ । जिल्लाभित्र रहेका ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई घर घरमा गई खोप छुट बच्चाको खोजी गरी पूर्ण खोप दिलाई वडा, पालिका हुँदै बागलुङ जिल्लालाई नै पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गर्ने, नियमित खोप सेवा कार्यक्रमलाई सुदृढिकरण गर्ने, आगामी दिनहरुमा खोप कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रुपमा संचालन गर्नको लागि सूक्ष्मयोजना बनाउने तथा सरसफाई प्रबर्द्धन कार्यक्रम नियमित रुपमा संचालन गरी बालबालिकाहरुको पोषण अवस्थामा सुधार ल्याउने, सरसफाई युक्त व्यवहारमा परिवर्तन ल्याउने र पूर्ण खोप दिलाउने उदेश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो ।

२०८० माघ १४ र १५ गते सम्पन्न पहिलो चरणको उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य प्रशासक श्री बाबुराम आचार्यको अध्यक्षता रहेको थियो । उक्त कार्यक्रमको संचालन स्वास्थ्य कार्यालय बागलुङका क्षय कुष्ठ निरीक्षक श्री देव प्रकाश घिमिरेले गर्नुभएको थियो । स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य प्रशासक श्री बाबुराम आचार्य, खोप सुपरभाइजर श्री राजु खत्री र WHO/IPD का SMO डा. स्मृति लामाले सहजिकरण गर्नुभएको थियो । यसै गरी सो कार्यक्रमको दोश्रो चरण २०८० माघ २२ र २३ गते बागलुङमा तथा तेश्रो चरण २०८० माघ २५ र २६ गते बुर्तिबाङमा सम्पन्न भएको थियो ।





## न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम

स्वास्थ्य कार्यालय बागलुङको सहजिकरण तथा बागलुङ नगरपालिकाको आयोजनामा माघ २२ गते बागलुङ नगरपालिका वडा नं ६ स्थित लहरेपिपल स्वास्थ्य चौकिमा न्युनतम सेवा मापदण्ड(MSS) मुल्याकंन कार्य सम्पन्न भएको छ । उक्त संस्थाले कुल ६५% अंक प्राप्त गरेको छ। सो कार्यक्रममा स्वास्थ्य कार्यालय बागलुङका क्षय कुष्ठ निरिक्षक देव प्रकाश घिमिरे तथा स्वास्थ्य शाखाबाट डिल्ली प्रसाद आचार्यबाट सहजिकरण भएको थियो ।





## किटजन्य रोगहरू सम्बन्धि अभिमुखिकरण/ अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८०/१०/२५ गते स्वास्थ्य कार्यालय बागलुङको आयोजना, जैमिनि नगरपालिका र कुश्मीसेरा प्रा.स्वा.के को समन्वयमा किटजन्य रोगहरूको अभिमुखिकरण/ अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कुश्मीसेरा प्रा.स्वा.के अन्तर्गतका व्यावस्थापन समितिका पदाधिकारी, स्वास्थ्यकर्मी, म.स्वा.से लगायत ३४ जनाको सहभागिता रहेको कार्यक्रमको उद्घाटन सत्र कुश्मीसेरा प्रा.स्वा.के का व्यावस्थापन समितिका अध्यक्ष सामाजिक विकास समिति संयोजक श्री विष्णु आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो। मन्तव्य जैमिनि नगरपालिका स्वास्थ्य शाखाबाट तिर्थ पौडेलले राख्नु भएको थियो। कार्यक्रमको सन्चालन कुश्मीसेरा प्रा.स्वा.के का ज.स्वा.नि विदुर शर्माले गर्नु भएको थियो भने कुश्मीसेरा प्रा.स्वा.के का डा. शुलभ आचार्य, स्वास्थ्य कार्यालय बागलुङकी ज.स्वा. नि. लक्ष्मी शर्मा,म. ई कमला थापाले कार्यक्रममा सहजिकरण गर्नुभएको थियो ।






## खानेपानी गुणस्तर निगरानी (सर्भिलेन्स) सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

यहि माघ २६ गते गलकोट नगरपालिकामा सरोकारवाला निकायको लागि खानेपानी गुणस्तर निगरानी (सर्भिलेन्स) सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । स्वास्थ्य कार्यालय बागलुङको आयोजना र गलकोट नगरपालिकाको समन्वयमा गलकोटमा आज सरोकारवाला निकायको लागि खानेपानी गुणस्तर निगरानी (सर्भिलेन्स) सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रम गलकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत थम्मनसिंह गौतमको अध्यक्षता, स्वास्थ्य कार्यालय बागलुङको ल्याब टेक्निसियन डिल्लीप्रसाद आचार्यको कार्यक्रमको उद्देश्यको विषयमा जानकारीसंगै स्वागत र गलकोट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुशील पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो ।





## पोषण पैरवी वैठक

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा माघ महिनामा यस जिल्लाका काठेखोला गाउँपालिका र वरेङ गाउँपालिकामा पोषण सम्बद्ध सरोकारवालाहरुसंग पोषण पैरवी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमहरुमा स्थानीय तहका विषयगत शाखा (स्वास्थ्य, कृषि,पशु, महिला बालबालिका) , कृषक, विषादि व्यापारी, होटल, मासु व्यवसायि, शिक्षक, जनप्रतिनिधि, स्वास्थ्यकर्मी लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो । माघ १७ गते बरेङ गाउँपालिकामा सञ्चालित कार्यक्रममा २४ जनाको सहभागिता रहेको थियो भने माघ २१ गते काठेखोला गाउँपालिकामा सञ्चालित कार्यक्रममा २८ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय बागलुङकी ज.स्वा. नि. लक्ष्मी शर्माद्वारा भएको थियो ।




## नवजात शिशु तथा बालरोगको एकिकृत व्यबस्थापन (IMNCI) तालिम सम्पन्न

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा स्वास्थ्यकर्मिहरुका लागि नवजात शिशु तथा बालरोगको एकिकृत व्यबस्थापन (IMNCI) तालिम सम्पन्न भएको छ । यहि माघ १५ गते देखि २० गतेसम्म ६ दिन सञ्चालित उक्त तालिममा धौलगिरि अस्पतालका प्रमुख कन्सलटेन्ट बालरोग विशेषज्ञ डाक्टर किरण तिवारी, बाल रोग बिसेषज्ञ डाक्टर कुशल बराल, गलकोट नगरपालिकाका जनस्वास्थ्य अधिकृत शुशिल पौडेल, धौलगिरि अस्तालका नर्सिङ अधिकृत शान्ति भण्डारि, देवि भट्टराई र स्वास्थ्य कार्यालयका देव प्रकाश घिमिरेले सहजिरकरण गर्नु भएको थियो। सबै स्थानिय तहबाट जम्मा २५ जना स्वास्थ्यकर्मिहरुको सहभागिता रहेको थियो।





## दादुरा रुवेला खोप अभियान २०८०/८१ सम्बन्धी अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा यही मिति २०८० साल फागुन १३ गतेदेखि देशव्यापी रुपमा संचालन हुन गईरहेको दादुरा रुवेला खोप अभियान २०८०/८१ सम्बन्धी स्वास्थ्यकर्मीहरुको लागि १ दिने अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी मिति २०८० माघ २८ र २९ गते २ चरणको कार्यक्रम २ चरण सफलतापूर्वक सम्पन्न भएको छ । बागलुङ जिल्लामा रहेका ९ महिनादेखि ५ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा रुवेला रोग विरुद्धको खोप प्रदान गरी रोगको रोकथाम तथा नियन्त्रण गरी सन् २०२६ सम्ममा दादुरा रुवेला रोगको निवारण गर्ने र दादुरा रुवेला रोगको महापारी हुन नदिन तथा नियमित खोप सेवा सुदृढिकरण गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो । स्वास्थ्य कार्यालय बागलुङका प्रमुख जनस्वास्थ्य प्रशासक आदरणीय श्री बाबुराम आचार्यको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको संचालन स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ निरिक्षक श्री देव प्रकाश घिमिरेले गर्नुभएको थियो । कार्यक्रममा प्रदेश स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य अधिकृत श्री विष्णु प्रसाद सुवेदीको विशेष उपस्थिति रहेको थियो र समसामायिक विषयमा विशेष सहजिकरण गर्नुभएको थियो । स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य प्रशासक श्री बाबुराम आचार्य, खोप सुपरभाइजर श्री राजु खत्री र बागलुङ नगरपालिकाका जनस्वास्थ्य अधिकृत श्री राम प्रसाद खनालले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा बागलुङ नगरपालिका, गलकोट नगरपालिका, ताराखोला गाउँपालिका, जैमिनी नगरपालिका, बरेङ गाउँपालिका

र काठेखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख, पालिका खोप फोकल पर्सन र स्वास्थ्य संस्थाका प्रमुखहरुको सहभागीता रहेको थियो ।








## गर्भवती दर्ता तथा अनुगमन सम्बन्धि अभिमुखीकरण समपन्न

स्वास्थ्य कार्यालय बागलुङको आयोजनमा पूर्ण संस्थागत सुत्केरियुक्त जिल्ला घोषणा कार्यान्वयनका निम्ति गर्भवती दर्ता तथा अनुगमन सम्बन्धि महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुको अभिमुखीकरण समपन्न भएको छ ।जिल्लाका दश स्थानीय निकायका महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुलाइ उनीहरुको कार्यक्षेत्र अन्तर्गतको स्वास्थ्य संस्थामा सहभागी गराइ समपन्न अभिमुखीकरण कार्यक्रममा मोबाइल फोनबाट SMS को मार्फत नयाँ व्यक्ति दर्ता, गर्भ दर्ता, गर्भ जांच प्रतिबेदन, खतराको चिन्ह पहिचान भएमा प्रतिबेदन गर्न, जन्मावास्थाको प्रतिबेदन, PNC भेट प्रतिबेदन लगायत सेवा सुचारु गर्न र बन्द गर्ने सम्बन्धमा म.स्वा.स्व.से हरुलाई प्रशिक्षण गरिएको थियो। कार्यक्रम कार्यान्वयन पश्चात घरमा हुने प्रसुतिलाई शुन्यमा पुर्याउन र सम्झना सन्देशको माध्यमबाट गर्भवती महिला ,सुत्केरी र नवजात शिशुलाई सेवामा नियमित गराउने उदेश्य राखिएको छ ।











## स्थानीय तहको कार्यक्रम विशेषः

### बागलुङ नगरपालिकाः

- न्युनतम सेवा मापदण्ड मापन लहरेपिपल स्वास्थ्य चौकी
- कोभिड १९ बुस्टर खोप अभियान
- Neglected Tropical Diseases Day मा सरोकारवाला बिच अन्तर्क्रिया
- Leprosy day मनाईएको
- बिद्यालय स्वास्थ्य शिक्षा
- आमा समूह बैठक
- फुट्वल खेलमा प्राथमिक उपचार कार्यक्रम ।

### ढोरपाटन नगरपालिकाः

- Leprosy day
- बिद्यालय स्वास्थ्य शिक्षा
- आमा समूह बैठक
- किशोर किशोरि सम्बन्धि अभिमुखिकरण
- समुदायमा पोसिलो खानाको प्रदर्शन
- मासिक वैठक

### गलकोट नगरपालिकाः

- क्षयरोग मुक्त अभियानको पालिका स्तरीय समन्वय समिति गठन तथा अभिमुखिकरण
- गाउँघर क्लिनिकमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई क्षयरोग स्क्रिनीङ सम्बन्धी अभिमुखिकरण
- स्वास्थ्य संस्था प्रमुख र नर्सिङ कर्मचारीका लागि किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था विस्तार सम्बन्धी अभिमुखिकरण कार्यक्रम
- पाण्डवखानी स्वास्थ्य चौकी र दुदिलाभाटी स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्डको मुल्यांकन तथा अभिमुखिकरण कार्यक्रम
- पाण्डवखानी स्वास्थ्य चौकी र दुदिलाभाटी स्वास्थ्य चौकीमा पोषणको RDQA तथा अनुगमन कार्यक्रम सम्पन्न
- रिघा र नरेठाटी स्वास्थ्य चौकीलाई किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणीकरण

### बरेंङ गाउँपालिकाः

- क्षयरोग कार्यक्रमको अर्धबार्सिक समिक्षा एवं कोहर्ट विश्लेषण कार्यक्रम ।
- बाटाकाचौर, सल्यान र सुखौरा स्वास्थ्यचौकी तथा थपलुङ सामुदायिक स्वास्थ्य इकाईमा गर्भवती महिलाहरुको निशुल्क भिडियो एक्स रे।
- सुखौरा स्वास्थ्य चौकी, सल्यान स्वास्थ्यचौकी र थपलुङ सामुदायिक स्वास्थ्य इकाईमा नसर्ने रोगको जोखिम पत्ता लगाउन प्रयोगशाला परिक्षण अभियान ।
- थपलुङ सामुदायिक स्वास्थ्य इकाई र खाल्ले गाउँघर क्लिनिकमा पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन भि आइ ए परिक्षण कार्यक्रम।
- थप्लुङ सामुदायिक स्वास्थ्य इकाई, सल्यान स्वास्थ्यचौकी र सुखौरा स्वास्थ्यचौकीमा क्षयरोग पत्ता लगाउन खकार परिक्षण कार्यक्रम ।

### जैमिनी नगरपालिकाः

- जैमिनी १ कुश्मीसेरामा लक्षित समुहको लागि निशुल्क स्वास्थ्य शिविर
- अर्जेवा स्वा.चौकीमा व्यवस्थापन समितीको लागि MSS अभिमुखिकरण तथा मुल्यांकन
- जैदी स्वास्थ्य चौकी,बिनामारे स्वास्थ्य चौकी र रांखानी स्वास्थ्य चौकी अन्तरगतका समुदायमा क्षयरोगका बिरामीहरू खोजपडतालको लागि अभिमुखिकरण
- जैमिनी न.पा.मा क्षयरोगको पहिलो अर्धवार्षिक समिक्षा गोष्ठि सम्पन्न
- जै.न.पा.२ दमेक स्वा.चौकीमा निशुल्क स्वास्थ्य शिविर तथा VIA परिक्षण सम्पन्न ।

### तमानखोला गाउँपालिकाः

- नर्जाखानी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा एकिकृत डाटा मोनिटोरिङ तथा मासिक समिक्षा
- मनमोहन मेमोरियल इन्स्टिच्यूट अफ हेल्थ साईन्सेज कठमाडौंसँग MOU गरी तमानखोला १ र २ वडाका ४ वटा स्वास्थ्य आमा समूहलाई २ दिने अभिमुखिकरण ( स्वास्थ्य आमा समूह सुदृढीकरण कार्यक्रम)
- तमानखोला वडा न २ मा प्रजनन रुग्णता सम्बन्धि शिबिर (६६ जनाले सेवा लिएका)
- पोषणमैत्री पालिका अन्तरगत वडा नम्बर ३ र ४ मा बालविवाह तथा लैंगिक हिंसा न्यूनिकरण सम्बन्धि सचेतनात्मक अन्तरक्रिया कार्यक्रम
- स्वास्थ्य संस्था मार्फत बिद्यालय तथा समुदाय स्तरमा अन्तरक्रिया गरी NTD Day तथा आयोडिन महिना मनाईएको ।

### ताराखोला गाउँपालिकाः

- स्वास्थ्य संस्थाहरुको माशिक समिक्षा बैठक सम्पन्न
- क्षयरोगको अर्धबार्षिक समिक्षा तथा कोहर्ट बिश्लेषण
- सामुदायिक स्वास्थ्य स्वयं सेवीकाहरुका लागि मानशिक तथा नसर्ने रोग सम्बन्धि अभिमुखि करण कार्यक्रम
- प्रजनन स्वास्थ्य रुग्णता सम्बन्धि सिविर सञ्चालन १३७ जना लाभान्वित
- कोभिडको बुष्टर खोप अभियान
- कुष्ठरोग दिवस,क्यान्सर रोग दिवसमा बिधालय स्वास्थ्य शिक्षा सञ्चालन आयोडिन महिनामा बिधालय स्वास्थ्य शिक्षा

### निसिखोला गाउँपालिकाः

- नियमित मासिक बैठक
- निसी स्वास्थ्य चौकीमा पोषण कर्नर स्थापना
- कुस्ठ रोग दिवस
- नसर्ने रोग सम्बन्धि म.स्वा.से. लाई तालिम
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम

## काठेखोला गाउँपालिकाः

- मासिक समिक्षा कार्यक्रम गरि विभिन्न विषयमा छलफल गरिएको
- रेश स्वास्थ्य चौकीमा क्षयरोगका शंकास्पद बिरामीहरुको खकार नमूना संकलन गर्ने कार्य गरिएको (संख्या ५५ जना) मलेरियाको रक्त नमूना परिक्षण कार्यक्रम संचालन गरिएको (संख्या २८ जना)
- काठेखोला गाउँपालिका वडा नं ४ तंग्राम स्वास्थ्य चौकीले ३० वर्ष माथिका सबैलाई नसर्ने रोगहरुको घर दैलोमा पुगी स्वास्थ्य परिक्षण (स्क्रिनिङ) कार्यक्रम संचालन गरेको
- उष्ण प्रदेशिय रोग दिवसमा विभिन्न रोगहरुको बारेमा समुदाय तथा विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरेको
- विश्व क्यान्सर दिवसको सन्दर्भमा समुदाय तथा विद्यालयमा कार्यक्रमहरु संचालन गरेको
- धम्जा सामुदायिक स्वास्थ्य इकाइ र बिहुँ आधारभुत स्वास्थ्य सेवा केन्द्रमा महिलाहरुका लागि VIA जाँच शिविर संचालन गरीएको (लाभान्वित संख्या १४९)
- विभिन्न स्वास्थ्य संस्थाहरुमा ग्रामिण भिडियो एक्सरे जाँच कार्यक्रम संचालन गरिएको
- गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य जाँच तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको
- कोभिड१९ विरुद्धको खोप अभियान कार्यक्रम संचालन गरीएको

## बडिगाड गाउँपालिकाः

- बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत पालिका स्तरिय अभिमुखिकरण कार्यक्रम सम्पन्न ।
- पौष महिनाको मासिक समिक्षा बैठक सम्पन्न । माशिक बैठक कार्यक्रममा विभिन्न सुचकका आधारमा रणसिहकिटेनी स्वास्थ्य चौकी पुरस्कृत !
- ग्वालिचौर स्वास्थ्य चौकिमा निशुल्क आँखा जाँच तथा मोतियाबिन्दुको निशुल्क शल्यकृया शिबिर ।
- कुस्ठरोग र क्यान्सर रोग दिवसका अबसरमा समुदाय र बिधालयमा स्वास्थ्य शिक्षा प्रदान ।
- February महिना शुभारम्भ सँगै आयोडिन महिनाको लागि विभिन्न स्वास्थ्य सस्थामा कार्यक्रम सम्पन्न ।




## विदाई कार्यक्रम

स्वास्थ्य कार्यालय बागलुङमा रहि अटुट रुपमा पूर्ण इमान्दारिता र लगनशिलताका साथ राष्ट्रसेवा गरि अवकाश प्राप्त गर्नु भएको कार्यालय सहयोगी श्री लाल बहादुर के सीलाई यस कार्यालयबाट मिति २०८०/१०/२४ गते ससम्मान विदाई गरिएको छ ।




**श्री लाल बहादुर के सीको योगदानको उच्च मूल्याङकन गर्दै**

**सु-स्वास्थ्य तथा सुखद सेवा निवृत्त जीवनको शुभकामना व्यक्त गर्दछौं ।**